# कहाँ छ भान्या मामाहरूको देश ?

-चंकी श्रेष्ठ

रुसी साहित्यकार एन्टन चेखबको एउटा विश्वप्रसिद्ध नाटक छ- अंकल भान्या । संसारका सारा परिश्रमीहरूको सपनाको हत्या कसरी भइरहेको छ ? 'अंकल भान्या'ले यसको चित्तबुझ्दो जवाफ दिएको छ ।

भान्या मामा र सोनिया भाञ्जी । नाटकका यी दुई पात्र संसारका यस्ता परिश्रमी जीव हुन् जसको सौन्दर्य बित्थामा नष्ट भइरहेको हुन्छ । यी दुई पात्रको नियतिले दर्शक तथा पाठकलाई घुँक्कघुँक्क रुन बाध्य पार्छ । चेखबको यो नाटक म्याक्सिम गोर्की पनि खुबै रुचाउँथे । 'तपाईँलाई थाहा छ, म भावुकतामा डुब्ने मान्छे होइन'- चेखबलाई उनले पत्रमा लेखेका थिए- 'तर, 'अंकल भान्या' हेरेपछि म एउटी आइमाईजस्तै क्वाँक्वाँ रोएँ ।' मस्कोमा नाटक प्रदर्शनपछि गोर्कीले फेरि लेखेका थिए रे- 'सारा दर्शक डाँको छाडेर रोए, कलाकारहरू पनि रोए ।'

भान्या मामा र सोनिया भाञ्जीको विश्वास त्यतिखेर खण्डित हुन्छ जब बुढो प्राध्यापक सेरेब्राकोभ एउटी कोरलीलाई दुलही बनाएर घर फर्कन्छ । सेरेब्राकोभ त्यो जमिन बेचेर मस्को फर्कन चाहन्छ । जुन जमिनमा भान्या र सोनियाले रगत, पसिना बहाएका थिए, अब त्यो जमिनबाट उनीहरू निकालिने भए ।

भान्या मामा र सोनिया भाञ्जी प्राध्यापक सेरेब्राकोभ( सोनियाको बाबु)को सुखका लागि जीवनभरि परिश्रम गर्छन् । सोनियाकी आमाको मृत्यु भइसकेको हुन्छ । गाउँमा खेतीपातीमा कडा परिश्रम गरेर भान्या मामा र सोनिया सहरमा प्राध्यापकलाई खर्च पठाउँछन् । जमिन सोनियाकी आमाको थियो । आफूले कुनै अंश नलिई भान्या मामाले पूरै जग्गा दिदीलाई छाडिदिएका थिए । जमिन केही ऋणमा परेको हुन्छ जसलाई उतार्न उनीहरू ज्यूज्यान लगाएर काम गर्छन् । आफूलाई जति नै दुःख भए पनि मानसिकरूपले उनीहरू निकै खुशी हुन्छन् । उनीहरू ठान्छन् (त्यस्ता व्यक्तिलाई आफ्नो परिश्रमको अंश पठाइएको छ जो विश्वविद्यालयमा विज्ञान पढाउँछ, ज्ञानको गवेषण गर्छ । अन्वेषण गरेर, पुस्तक लेखेर समाजमा उज्यालो छर्ने काम गर्छ । सोनिया नानी रातरातभरि नसुती पुस्तक सारेर बाबुलाई नोट पठाइदिने गर्थिन् ।

साँच्चै, केका लागि भान्या मामा र सोनियाले त्यत्रो तपस्या गरेछन् त हँ ?

भान्या मामा पनि सफोकल्स हुनसक्थे, पाइथागोरस हुनसक्थे । आफ्नो प्रतिभा खेर जान नदिएको भए के थाहा, बाल्जाक वा फ्लुबर्ट नै पो हुन्थे कि ! तर, हाम्रा प्रिय भान्या मामाले त्यस्ता व्यक्तिबाट आदर्शको आशा गरेर आफ्नो सम्पूर्ण वय नष्ट गरेछन् जो संसारकै सबैभन्दा निर्दयी बुद्धिचोर ठहरियो । विचरा भान्या मामा ! ४७ वर्षको वय त उसै बितिगयो, जीवनको उत्तरार्द्धमा आएर अब के गर्ने उनले ? संसारका सबै परिश्रमीहरूको सपनाको हत्या यसैगरी भइरहेको छ । तिनको सौन्दर्य बित्थामा नष्ट भइरहेको छ ।

साँच्चै, भान्या मामा र सोनियाको बिम्बमा समस्त परिश्रमीहरूको अनुहार हेर्न सकिन्छ । श्रमप्रतिको तिनको विश्वासमाथि त्यसैगरी कुठाराघात भएको छ । धेरैलाई थाहा छ- देश बनाउने त उनीहरू नै हुन् । तर, प्रश्न उठ्छ, देश बनाउने तिनै भान्या मामाहरूको देश खोई ?

घुम्ने मेचमाथि अन्धो मान्छे हिमाली अधिराज्यमा शक्तिमा रहनेका लागि सबैभन्दा सुहाउँदो बिम्ब हो । अन्धो मान्छेको अन्धोपनको फाइदा लुट्नेहरू लुटिरहेकै हुन्छन् । तर, त्यसको सजाय पाउँछन् परिश्रमी जीवहरू । ज-जसले यो देश बनाउन रगत र पसिना बहाए, ज-जसले देशप्रतिको आफ्नो दायित्व कहिल्यै बिर्सेनन्, बिडम्बना हेर्नुस्, तिनैले यो देशलाई कहिल्यै देशका रूपमा पाएका छैनन् । उल्टै तिनको 'हत्या' भएको छ, नभए तिनैले आत्महत्या गर्नुपर्ने स्थिति पूरापूर विद्यमान छ । यस्तो बेलामा तिनीहरूले कसरी मान्न, यो देशमा उनीहरूको देश छ ? हुन पनि हो, ठगीका सामु परिश्रम निरिह, चाकरीका सामु इमान निरिह, पहुँचका सामु योग्यता निरिह, असत्यका सामु सत्य निरिह भएको ठाउँमा देश बनाउनेहरूको देश हराउनु अचम्म हुँदै होइन ।

हालसालै मेरो नजिकको साथी पुष्कर थापा मोटरसाइकल दुर्घटनामा विसर्जन भयो । झट्ट हेर्दा उसको निधन नियतिग्रस्त देखिन्छ । तर, के ऊ निर्दयी सेरेब्राकोभहरूबाट पीडित थिएन ? पुष्कर थोरै समयमै अदालती र भ्रष्टाचारसम्बन्धी समाचार लेखनमा नाम कमाउन सफल थियो । समाचारको सानो अंशमात्र अपुष्ट लाग्दा फिल्डमा पुग्न उसले कहिल्यै जाँगर मारेन । यस्तो होइन कि ऊ भाषा, शैली र प्रस्तुतिमा पनि अगाडि थियो । उसले लेख्ने विषय नै त्यस्तै भएकोले समय-समयमा उसका समाचार विवादित रहनु अस्वाभाविक होइन । तर, सूचना संकलन र त्यसको प्रस्तुतिमा उसले जुन जाँगर र सिप देखाएको थियो,

त्यसले उसलाई सुनाम पनि दिएको थियो । तर, त्यही परिश्रमी पुष्कर पनि त सेरेब्राकोभहरूबाट हुनुसम्म पीडित थियो नि ! पूरै परिवार उसैमा आश्रित थियो, तर परिश्रमको मूल्य, सधैँ हात लाग्यो शून्य ! ऊ साथीहरूबाट ५० रुपैयाँ सापटी पाउँदा निकै कृतज्ञ हुने स्थितिमा थियो । दुर्घटनामा पर्दा पनि ऊसँग एउटा च्यातिएको पचास रुपैयाँको नोटभन्दा बढी केही पनि त थिएन !

केही दिनदेखि ऊ बीस हजार रुपैयाँका लागि निकै छटपटाएको थियो । त्यही छटपटाहटबीच ऊ दुघर्टनामा पर्‍यो र आफूलाई विसर्जन गर्‍यो । पुष्करजस्तो चलेको सञ्चारकर्मीका लागि बीस हजार रुपैयाँ ठूलो कुरा नहुनु पर्ने हो । तर, त्यसैको चिन्तासहित ऊ अन्त्य भयो । जगजाहेर छ, त्यसैबेला उसको देशका खलेपु सेरेब्राकोभहरू के गरिरहेका थिए । पुष्कर थापाको देश कहाँ थियो त !

अर्को एकजना कवि तथा पत्रकार मित्र सदाका लागि यो देश छोड्न खोज्दैछ । उसको निराशा पनि निरर्थक छैन । कविता र पत्रकारिता दुवैमा उसले कहिल्यै बजारिया प्रतिस्पर्धा रुचाएन । कवितामा चेतना र शैली दुवैका हिसाबले उसलाई भेट्नसक्ने उसको पुस्तामा कमै छन् । राजनीतिक चेतनाको कवितामा मात्र होइन, 'जमुना उप्रेती' कविता शृंखलामा पनि उसले थुप्रै पाठकको मन जितेको हो । अखबारी लेखन र समाचार संकलनमा पनि एकताका उसले नामै कमाएको हो । तर, हेरियोस्, कविता र पत्रकारिता दुवै क्षेत्रमा अहिले ऊ पाखा लागेको एकलासको बिरुवाजस्तै छ । 'म यो समयसँग यति फ्रस्टेड छु कि कतै पनि उज्यालो देख्दिन'- ऊ भन्छ । अब ऊ फर्किएछ भने दुईचार दिन घुम्न वा साथीभाइ भेट्नमात्र फर्कने रे । उसको प्रतिध्रुवमा सेरेब्राकोभहरू रकेटस्तरमा गतिशील छन् । ऊ भने आफ्नो आदर्शलाई मुटुको खोकिलामा सजाएर गोरुगाडामै यात्रा गरिरहेछ । साँच्चै, यो देशमा उसको देश कहाँ थियो त ?

अर्नेष्ट हेमिंग्वेको नोबेल पुरस्कार प्राप्त उपन्यास 'ओल्ड म्यान एण्ड सी'मा संघर्षशीलताको अनुपम कथा छ । बुढो माझी सान्टियागो मार्लिन नामक माछा मार्न ठूलो संघर्ष गर्छ । कतिपल्ट त माछाले नै उसलाई मार्ने खतरा हुन्छ । माछा मारिसकेपछि पनि शार्कबाट माछालाई बचाउन उसलाई हम्मे पर्छ । अन्ततः शार्कहरूले माछालाई कंकाल हुनेगरी खाइदिन्छन् । तर, सान्टियागो बुढो अर्कोपल्ट सफल हुन्छु भन्ने सपना मनभरि सँगाल्छ । झट्ट सुन्दा कथा साधारण लागे पनि यसको दार्शनिक पक्ष भने असाधारण छ । यसमा मान्छेले जीवनमा कतिसम्म संघर्ष गर्नुपर्छ भन्ने दर्शनको ओइरो छ ।

जीवनको सौन्दर्य सान्टियागोको संघर्षशीलतामा छ । हेनरिक इब्सेनको नाटक 'पिपल्स इनेमी' को एउटा पात्र डा. स्टकमन भन्छ- 'त्यही व्यक्ति वीर हो जो संसारमै सबैभन्दा एक्लो भएर पनि उभिरहन सक्छ ।' जीवनको अनुपम सौन्दर्य यसमा पनि भेटिन्छ । तर, यस्तो लाग्छ, संघर्षशीलताका प्रतीक सान्टियागो वा डा. स्टकम्यानले नै यो देशमा आत्महत्या गर्ने पूरापूर खतरा छ ।

भान्या मामाहरूको विश्वास यो देशमा सधैँ-सधैँ खण्डित छ । भान्या मामाहरूको दुर्नियतिले प्रतिध्रुवमा आगो सल्काएको धेरैलाई थाहा छ । फेरि पनि उनीहरूकै दुःख कतै सम्बोधित छैन, कुनै पनि आन्दोलनको एजेन्डा बन्न सकेको छैन । कवि बासु शशीको यो आग्रह यहाँनिर कति जायज लाग्छ-

*थाहा छ -ती मानिसहरूले पुल बनाएका हुन्*
*म तिनको श्रमको प्रशंसा गर्छु*
*तर थाहा छ तिनीहरूले ती पुलहरू कहिल्यै तर्न पाएनन्*
*धेरैजसो पुलमुनि झुण्डिएर मरे*
*डोरी चुँडियो, खोलाले बगायो, कसैले थाहा पाएन*
*(कसैले थाहा पाउने जरुरतै मानेन)*
*थाहा छ- यिनीहरू नै नभए नेपाल एउटा देशै मानिने होइन*
*(थाहा छ सय पचास ब्वाँसा कुदाकुद गर्दैमा*
*नेपाल एउटा देश मानिने होइन)*
*तर यिनै देश बनाउनेहरूको देश खोई ?*